आकाशवाणी समाचार- नेपाली
मितिः २३ अगष्ट २०२५
समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

<u>प्रमुख समाचार</u>

- प्रधानमन्त्री नरेन्द्र मोदीले हिज कोलकातामा 5 हजार २०० करोड रुपियाँ भन्दा बडी लागतका विभिन्न विकाश परियोजनाहरुको सिलान्यास र उत्घाटन गर्नु भयो|

- प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी महिनाको २ तारिख नयाँ दिल्लीमा चौथो SEMICON INDIA 2025 को उद्घाटन गर्नुहुनेछ।

- आज देशमा दोस्रो राष्ट्रिय अन्तरिक्ष दिवस मनाइँदैछ। यो दिन २३ अगस्ट २०२३ मा चन्द्रयान-३ अभियानको विक्रम ल्यान्डर अन्तरिक्षमा र प्रज्ञान रोभर चन्द्रमामा सफल प्रक्षेपणको सम्झनामा मनाइन्छ।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना नजिकका सहयोगी सर्गियो गोरलाई भारतका लागि अमेरिकी राजदूत र दक्षिण तथा मध्य एसियाका लागि विशेष दूतको रूपमा नियुक्त गरेको घोषणा गर्नुभएको छ।

- बुल्गारिया को समोकोव मा , अंडर-20 विश्व कुश्ती चैंपियनशिप मा भारत का काजल दोचक ले हिज स्वर्ण पदक जितेको छ|

<u>प्रधानमंत्री-कोलकाता</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज साँझ पश्चिम बंगालको कोलकातामा 5 हजार 200 करोड़ रुपियाँभन्दा बढी लागतका विभिन्न विकास परियोजनाहरूको शिलान्यास र उद्घाटन गर्नुभयो। उहाँले भारतको इतिहास र भविष्य दुवैमा कोलकाताको महत्त्वपूर्ण स्थान रहेको बताउनुभयो।एक जनसभालाई सम्बोधन गर्दै उहाँले भन्नुभयो भारत विश्वको तेस्रो ठूलो अर्थतन्त्र बन्ने दिशामा अग्रसर छ र ,दमदम र कोलकाताले प्रमुख शहरहरूको रूपमा महत्त्वपूर्ण भूमिका खेल्छन्।
उहाँले भन्नुभयो 2014 भन्दा पहिले देशमा केवल 250 किलोमिटर मेट्रो रुटहरू थिए, जुन अहिले बढेर एकहजार किलोमिटरभन्दा बढी पुगेको छ।

प्रधानमन्त्री नरेन्द्र मोदीले आज कोलकातामा तीन मेट्रो सेवाहरूको उद्घाटन गर्नुभयो र हरियो झण्डा देखाउनु भयो । उहाँले जेस्सोर रोड मेट्रो स्टेशनबाट नोआपाड़ा-जय हिंद विमानबंदर येलो लाइन सेक्शनमा रहेको जय हिन्द विमानबन्दरसम्म मेट्रो यात्रा पनि गर्नुभयो। प्रधानमन्त्रीले हावडा मेट्रो स्टेशनमा एउटा सबवेको पनि उद्घाटन गर्नुभयो। उहाँले राष्ट्रिय राजमार्ग 12-12 मा सात किलोमिटर लामो 6 लेनको एलिवेटेड कोना एक्सप्रेसवेको शिलान्यास गर्नुभयो। यसले हावडा, वरपरका ग्रामीण क्षेत्रहरू र कोलकाता बीचको सम्पर्क बढाउनेछ।

<u>प्रधानमंत्री-सेमीकॉन इंडिया</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आगामी महिनाको २ तारिखमा नयाँ दिल्लीमा चौथो SEMICON INDIA 2025 को उद्घाटन गर्नुहुनेछ। तीन दिवसीय यो कार्यक्रमको उद्देश्य माइक्रो इलेक्ट्रोनिक्स र सेमीकन्डक्टर मूल्य शृङ्खलामा देशको बढ्दो क्षमता र महत्वाकांक्षाहरू प्रदर्शन गर्नु हो। हिजो नयाँ दिल्लीमा पत्रकार सम्मेलनलाई सम्बोधन गर्नुहुदै इलेक्ट्रोनिक्स तथा सूचना प्रविधि मन्त्रालयका सचिव एस कृष्णनले पहिलो पटक प्रदर्शनीमा जापान, दक्षिण कोरिया, सिंगापुर र मलेसियाका चार अन्तर्राष्ट्रिय मण्डपहरू हुने बताउनुभयो। उहाँले १८ देश र क्षेत्रका ३५० प्रदर्शनी कम्पनीहरूले आफ्ना उत्पादनहरू प्रदर्शन गर्ने पनि बताउनुभयो। श्री कृष्णनले कार्यक्रममा नौ राज्यहरूले पनि भाग लिने बताउनुभयो।

SEMICON India 2025 को उद्देश्य विश्वव्यापी सहकार्य बढाउन, घरेलु नवप्रवर्तनलाई प्रोत्साहन गर्ने र भरपर्दो, मापनीय र प्रतिस्पर्धी इलेक्ट्रोनिक्स उत्पादन केन्द्रको रूपमा भारतको भूमिकालाई सुदृढ पर्नु हो। यो विश्व-स्तरीय सेमीकंडक्टर उद्योग निर्माण गर्ने दिशामा देशको सबैभन्दा बलियो प्रयासहरू मध्ये एक हो। कार्यक्रममा एक समर्पित सेमीकंडक्टर डिजाइन स्टार्टअप प्याभिलियन पनि समावेश हुनेछ, जसले नवप्रवर्तन-आधारित चिप डिजाइन उद्यमहरूको लागि प्लेटफर्म प्रदान गर्नेछ।

## इसरो - राष्ट्रिय अन्तरिक्ष सम्मेलन

आज देशमा दोस्रो राष्ट्रिय अन्तरिक्ष दिवस मनाइँदैछ। यो दिन २३ अगस्ट २०२३ मा चन्द्रयान-३ अभियानको विक्रम ल्यान्डर अन्तरिक्षमा र प्रज्ञान रोभर चन्द्रमामा सफल प्रक्षेपणको सम्झनामा मनाइन्छ। चन्द्रमाको दक्षिण ध्रुवमा पुग्नु भारतको लागि एउटा महत्त्वपूर्ण उपलब्धि हो र यससँगै भारत चन्द्रमाको सतहमा अवतरण गर्ने चौथो देश र दक्षिण ध्रुवको नजिक पुग्ने पहिलो देश बनेको छ। यस वर्षको राष्ट्रिय अन्तरिक्ष दिवस उत्सवको विषयवस्तु हो - आर्यभट्टदेखि गगनयानसम्म: प्राचीन ज्ञानबाट अनन्त सम्भावनाहरू। अन्तरिक्ष दिवस उत्सवको एक भागको रूपमा, भारतीय अन्तरिक्ष अनुसन्धान संगठन - इसरोले हिजो नयाँ दिल्लीमा दोस्रो राष्ट्रिय अन्तरिक्ष सम्मेलन आयोजना गर्‍यो। कार्यक्रममा धेरै मन्त्रालयहरू, निजी सरोकारवालाहरू, शिक्षाविद्हरू, स्टार्टअपहरू र विज्ञहरूको उपस्थिति रहेको थियो। यसमा तत्काल र भविष्यमा कार्यान्वयनका लागि सयौं प्रयोगका मामिलाहरू पहिचान गर्न विगत चार महिनामा मन्त्रालयहरू, विभागहरू, राज्य सरकारहरू र इसरोसँग काम गर्ने सयौं विज्ञहरूले भाग लिएका १० प्रमुख सत्रहरू थिए। कार्यक्रमको समापन सत्रमा, पी.के. प्रधानमन्त्रीका प्रमुख सचिव मिश्राले भारतको अन्तरिक्ष यात्राको प्रशंसा गर्दै सम्मेलनले कृषि र स्वास्थ्यदेखि विपद् व्यवस्थापन र जलवायु परिवर्तनलाई सम्बोधन गर्ने समग्र सरकारी दृष्टिकोणलाई समेटेको कुरामा जोड दिए। श्री मिश्रले भने कि अन्तरिक्ष भनेको केवल ताराहरू जित्ने मात्र होइन तर पृथ्वीका मानिसहरूको जीवन सुधार गर्ने पनि हो। श्री मिश्रले यो पनि भने कि सुधार र नीतिहरूले भारतको अन्तरिक्ष क्षेत्रको लागि अभूतपूर्व अवसरहरू खोलेका छन्। उनले भने कि २०१४ मा दुई स्टार्टअपहरू थिए, जुन अहिले बढेर ३५० भन्दा बढी पुगेका छन्। यसैबीच, इसरोका अध्यक्ष वी. नारायणनले १९६३ मा थम्बामा पहिलो रकेट प्रक्षेपणदेखि आज अन्तरिक्षमा भारतको नेतृत्वको विश्वव्यापी मान्यतासम्मको भारतको उल्लेखनीय अन्तरिक्ष यात्रालाई प्रकाश पारे। उहाँले भन्नु भयो  अन्तरिक्ष क्षेत्रमा सुधारसँगै क्षमता निर्माण र निजी क्षेत्रको गहिरो एकीकरणले २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउन महत्वपूर्ण योगदान पुर्‍याउनेछ। राष्ट्रिय अन्तरिक्ष दिवसको सन्दर्भमा, अन्तरिक्ष विभागले युवाहरूलाई अन्तरिक्ष विज्ञान र यसको प्रयोगहरूसँग जोडिन प्रेरित गर्न महिनाभरि राष्ट्रव्यापी कार्यक्रमहरू आयोजना गर्नेछ। राष्ट्रिय भौतिक अनुसन्धान प्रयोगशालाले यस महिना आफ्नो अहमदाबाद, उदयपुर र माउन्ट आबु क्याम्पसहरू मार्फत राष्ट्रिय अन्तरिक्ष दिवस पनि मनाउनेछ।

## उपराष्ट्रपति निर्वाचन

उपराष्ट्रपति पदको निर्वाचनका लागि ४६ जना उम्मेदवारले ६८ वटा उम्मेदवारी दर्ता गरेका छन्। यी मध्ये १९ जना उम्मेदवारले पेश गरेका २८ वटा मनोनयन पत्र राष्ट्रपति र उपराष्ट्रपति निर्वाचन ऐन १९५२ अन्तर्गत खारेज गरिएको छ। उपराष्ट्रपति निर्वाचन २०२५ को लागि निर्वाचन अधिकारीको कार्यालय र राज्यसभाको महासचिवको कार्यालयले एक विज्ञप्तिमा हिज २७ जना उम्मेदवारहरूको ४० वटा मनोनयनहरूको जांच गरिएको छ। उपराष्ट्रपति पदको निर्वाचन अर्को महिनाको ९ तारिखमा हुनेछ। एनडीएले श्री सीपी राधाकृष्णनलाई र विपक्षी I.N.D.I.A गठबन्धनले सर्वोच्च अदालतका पूर्व न्यायाधीश बी. सुदर्शन रेड्डीलाई आफ्नो उम्मेदवार बनाएको छ ।स्वास्थ्यका कारण गत महिना उपराष्ट्रपति पदबाट श्री जगदीप धनखडले राजीनामा दिएका कारण यो चुनाव आवश्यक भएको छ। यो १७ औं उपराष्ट्रपति चुनाव हुनेछ। उपराष्ट्रपतिको निर्वाचन लोकसभा र राज्यसभाका सदस्यहरू मिलेर बनेको निर्वाचक मण्डलद्वारा गरिन्छ।

## अमरीकी राजदूत भारत नियुक्ति

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्ना नजिकका सहयोगी सर्गियो गोरलाई भारतका लागि अमेरिकी राजदूत र दक्षिण तथा मध्य एसियाका लागि विशेष दूतको रूपमा नियुक्त गरेको घोषणा गर्नुभएको छ। ट्रुथ सोसलमा एक पोस्ट मार्फत यो घोषणा गर्दै राष्ट्रपति ट्रम्पले भन्नुभयो विश्वको सबैभन्दा घना जनसंख्या भएको क्षेत्रका लागि उनलाई एक व्यक्तिको आवश्यकता थियो जसले उनको योजना अनुसार काम गर्न र अमेरिकालाई फेरि महान बनाउन मद्दत गर्न सक्छ। डोनाल्ड ट्रम्पले सर्गियो एक असाधारण राजदूत साबित हुनेछन् भनि बताउनुभयो। गोरले ट्रम्पको प्रशासनमा केन्द्रीय भूमिका खेलेका थिए र सरकारभरि वरिष्ठ कर्मचारीहरूको छनोटको निरीक्षण गरिरहेका छन्। राजनीति बाहेक, गोरको ट्रम्प परिवारसँग पनि घनिष्ठ सम्बन्ध छ। उहाँले राष्ट्रपतिका दुई पुस्तकहरूको प्रकाशन गृह डोनाल्ड ट्रम्प जूनियरसँग विनिङ टिम पब्लिशिङको सह-स्थापना गर्नुभयो। गोरले आफ्नो नयाँ नियुक्ति सिनेटले पुष्टि नगरेसम्म ह्वाइट हाउसमा आफ्नो वर्तमान पदमा सेवा गरिरहनेछन्

## प्रधानमंत्री - जापान-चीन यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदी यस महिनाको २९ तारिखदेखि जापान र चीनको चार दिवसीय भ्रमणमा जानुहुनेछ। श्री मोदीले २९ र ३० मा अगस्ट १५ औं भारत-जापान वार्षिक शिखर सम्मेलनमा भाग लिनुहुनेछ। यो प्रधानमन्त्री मोदीको जापानको आठौं भ्रमण र जापानी प्रधानमन्त्री शिगेरू इशिबासँगको उहाँको पहिलो शिखर बैठक हुनेछ। भ्रमणको क्रममा, दुई प्रधानमन्त्रीहरूले रक्षा, सुरक्षा, व्यापार र अर्थतन्त्र, प्रविधि र नवप्रवर्तन सहित विशेष रणनीतिक र विश्वव्यापी साझेदारीको समीक्षा गर्नुहुनेछ। दुई नेताहरूले क्षेत्रीय र विश्वव्यापी महत्वका मुद्दाहरूमा पनि छलफल गर्नुहुनेछ।

भ्रमणको दोस्रो चरणमा, प्रधानमन्त्री मोदीले ३१अगस्ट देखि १ सेप्टेम्बर सम्म तियानजिनमा हुने सांघाई सहयोग संगठन शिखर सम्मेलनमा भाग लिन चीनको भ्रमण गर्नुहुनेछ। शिखर सम्मेलन बाहेक, श्री मोदीले धेरै विश्वव्यापी नेताहरूसँग द्विपक्षीय बैठकहरू गर्न हुने सम्भावना छ। भारत २०१७ देखि सांघाई सहयोग संगठनको सदस्य रहेको छ। भारतले बर्ष २०२२-२३ मा यस संगठनको राष्ट्र प्रमुख परिषद्को अध्यक्षता गरेको थियो।

**श्रीलंका - राष्ट्रपति - हिरासत**

श्रीलंका का पूर्व राष्ट्रपति रानिल विक्रमसिंघेलाई सरकारी धनको दुरुपयोगको आरोपमा 26 अगस्तसम्म पुलिस हिरासतमा पठाइएको छ | श्री विक्रमसिंघेले आफ्ना पत्नीको हृदय रोग अनि कैंसर जस्ता स्वास्थ्य समस्याहरु बताउदै ज़मानत मागेका छन् | आपराधिक जाँच विभाग- सी.आई.डी. को समक्ष प्रस्तुत भएपछि उनलाई पक्राउ गरिएको छ अनि कालान्तरमा कोलंबोको एक अदालतमा प्रस्तुत गरिएको छ | पुलिसले 76 वर्षीय विक्रमसिंघे को बिरुद्ध तीन आरोप दर्ता गरेको छ जो 2023 मा उनको लंदन यात्रासित संबंधित छ।

**कुश्ती**

बुल्गारिया को समोकोव मा , अंडर-20 विश्व कुश्ती चैंपियनशिप मा भारत का काजल दोचक ले हिज स्वर्ण पदक जितेको छ, यसरी नै श्रुति अनि सारिका ले कांस्य पदक जितेका छन् ।वर्तमान अंडर-20 एशियाई चैंपियनमा , 17 वर्षीय काजलले 72 किलोग्राम भार वर्गको फाइनलमा चीन का युकी लियू लाई 8-6 ले पराजित गरीन् । सारिकाले महिलाहरु का 53 किलो ग्राम वर्ग मा पोलैंड का इलोना वालचुक लाई हराएर कांस्य पदक जितिन्। जबकि श्रुति ले 50 किलो ग्राम वर्ग मा जर्मनी की जोसेफिन रेंच लाई 6-0 से हराइन्। पुरुषहरुका ग्रीको-रोमन 60 किलो ग्राम वर्ग मा , सूरज ले फ्रांस का लुकास गो ग्रासो लाई हराएर कांस्य पदक जीते। प्रतियोगितामा भारतीय पहलवानहरुले अहिले सम्म नौ पदक जितेका छन् जसमा दुई स्वर्ण, चार रजत अनि तीन कांस्य पदक सामेल छन् |